आफैं पढिहेर्छु

# नाचौँ! गाऔँ!




Room to Read

# पढ्न कठिनाइ हुने शब्दहरू

उफ्र्या'

नाच्या'

बयेली

बन्दै

भर्दै

कहिले

रम्दै

पाठोसरि

उफ्री

मान्छे

राम्ररी

गाउँछौं

फनक्क

गाऔं

गुन्जाई

रनक्क

खेल्छु

उडौं

बस्दै

आफैं

जूनकीरी

फर्की

बत्ती

पिलिक्क

गाउँदा

हाम्री

प्यारी

राम्रा

उत्तिकै

सम्झी

नाच्ने

छुनु मुनु

# नाचौं! गाऔं!





लेखक

शान्तदास मानन्धर

चित्राङ्कनकर्ता

अविन श्रेष्ठ


हेर न मुनु, पाठो यो
उफ्री–उफ्री दौडेको !
रिसाएर उफ्र्या' कि
रमाएर नाच्या' हो ?



हेर न छुनु, फूल यी
मिलिजुली फुलेका !
हावामा खेली बयेली
हाँसी–हाँसी नाचेका !!


चरा बन्दै, उडान भर्दै
आकाशमा उड्छु म !
कहिले रम्दै पाठोसरि
उफ्री–उफ्री खेल्छु म !!


आऊ मुनु, आऊ न आऊ !
दुवै मिलेर उडौँ लौ !
पुतली भएर फूल–फूलमा
बस्दै गीत गाऔँ लौ !!

बत्ती बाली, आफै बोकी
हेर, जूनकीरी नाचेको !
फनक्क फर्की नाचेकाले
बत्ती पिलिक्क निभेको !!




गीत आमाको गाउँदा
भन न मुनु, भन लौ ।
हाम्री प्यारी आमालाई
के–के भनी गाउने हो ?




आमाको गीत गाउने कि ?
बाबाको गीत गाउने हो ?
दिदी, दाजु दुवै राम्रा !
तिनको पो गीत गाउने हो ?



साथी हाम्रा सब–सब राम्रा !
गुरु–गुरुमा उत्तिकै राम्रा !
साथी, गुरु–गुरुमा सम्झी
कुन गीत गाई नाच्ने हो ?



गाउँको गीत गाउने कि,
देशको गीत गाउने हो ?
माटो, मान्छे दुवैको
गीत राम्ररी गाउने हो ?




हावाको गीत गाउँछौँ !
घाम, पानीको गाउँछौँ !
माटाको गीत गाउँछौँ !
गीत जीवनको गाउँछौँ !


नाचौँ मुनु, नाचौँ लौ
घुमी फनन फनक्क !
गाऔँ छुनु, गाऔँ लौ
गुन्जाई गीत घनक्क !!

मुद्रक		एपोलो अफसेट प्रेस (प्रा.) लि., काठमाडौँ

कलर सेपरेसन		प्रिन्ट प्रोसेस (प्रा.) लि., काठमाडौँ

संस्करण		पहिलो, १०,००० प्रति, वि.सं. २०६५

---

यो किताप स्थानीय समुदायका सहयोगमा 'रूम टु रीड' र 'अब्राज क्यापिटल'बाट प्रकाशित भएको हो। यो नेपालका ती बालबालिका र शिक्षकहरूमा समर्पित छ; जसमा शिक्षाको शक्तिद्वारा उज्यालो भविष्य निर्माण गर्ने विश्वास रहेको छ।

This book was published through the cooperation of the local community with Room to Read and Abraaj Capital. It is dedicated the children and teachers of Nepal in whom lie hopes for a bright future through the power of education.

---

रूम टु रीड
**Room to Read**

पोस्ट बक्स नं. २११०३, काठमाडौँ, नेपाल, फोन ५५५३९८७, फ्याक्स ५५५३९८३
Post Box 21103, Kathmandu, Nepal. Phone 5553987, Fax: 5553983,
email: nepal@roomtoread.org.np, web: http://www.roomtoread.org

Room to Read

We partner with local communities throughout the developing world to provide quality educational opportunities by establishing libraries, creating local language children's literature, constructing schools, providing education to girls and establishing computer labs. We seek to intervene early in the lives of children in the belief that education empowers people to improve socioeconomic conditions for their families, communities, countries and future generations. Through the opportunities that only education can provide, we strive to break the cycle of poverty, one child at a time.

Copyright © 2008 by Room to Read. All rights reserved.

ISBN: 978-9937-500-27-2





यो किताप भर्खर बाह्रखरी पढिरहेका वा पढिसकेका साना–साना नानीहरूका लागि भनी तयार पारिएको हो । यसमा प्रस्तुत विषय, शैली र प्रस्तुति सहज, मीठो र सरल होस् भनेर सकेसम्म मिहिनेत गरिएको छ । खास गरेर हाम्रा नानीहरू आफै उत्साहित भई पढिहेर्न अघि सरून् भन्ने उद्देश्यले नै यो तयार पारिएको हो ।

कतै अप्ठेरो शब्द पर्न गएको भेटिएमा आफ्ना बालबालिकाहरूलाई सघाउनुहुन सम्पूर्ण गुरु तथा अभिभावकहरूसँग अनुरोध गरिन्छ ।

Room to Read

शिक्षित बालबालिकाहरूबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ ।

World Change Starts with Educated Children.